# मौसम पुर्वानुमानमा आधारित बाढी विपदका लागि टीकापुर नगरपालिकाद्वारा तय गरिएका पुर्वकार्यहरु

**टीकापुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**टीकापुर , कैलाली**

# कर्णाली नदि तटको पूर्वकार्यका लागि निर्धारण गरिएको समय अवधि

## मनसुन पूर्वतयारी

## बाढी पूर्वानुमान अग्रिम समय (४ देखि ७ दिन अगाडी)

## बाढी पूर्वानुमान अग्रिम समय (१ देखि ३ दिन अगाडी)

## बाढी पूर्वानुमान अग्रिम समय (१२ देखि २४ घण्टा अगाडी)

तयारी चरण (सबै तयारी सक्ने)

तत्परता चरण (सबै तयारी सुनिश्चित गर्ने साथै सम्पर्क समन्वय र संचार शुरु गर्ने)

सक्रियता चरण (पूर्वकार्य शुरु गर्ने)

## मनसुन पूर्वतयारी

| ट्रिगर | अनुगमन |
|---|---|
| जल तथा मौसम विज्ञान विभाग, हावापानी विज्ञान महाशाखाको ऋतुगत हावापानी आँकलन बुलेटिन जारी मिति | विपद व्यवस्थापन सम्पर्क व्यक्तिले नेपाल रेडक्रस सोसाइटीको सम्पर्क व्यक्तिको सहयोगमा बैशाख १ गते देखि दैनिक रुपमा ऋतुगत हावापानी आँकलन बुलेटिन जारी नभएसम्म मौसम विज्ञान विभागको वेवसाइट www.dhm.gov.np अनुगमन गर्ने |

| बाढी पूर्वानुमान अग्रिम समय (४ देखि ७ दिन अगाडी) | |
|---|---|
| | |
| ट्रिगर | अनुगमन |
| कर्णाली नदीको चिसापानी जलमापन केन्द्रमा विश्व बाढी सतर्कता प्रणाली (GloFAS) को जलप्रवाह पूर्वानुमान उपलब्धतामा २ बर्षे वा सो भन्दा बढी बर्षको बाढी फर्कने सम्भावना (७०) देखिएमा<br>या<br>बिश्वोब्यापी / क्षेत्रीय हावापानी मोडेल हरु (ECMWF, GFS, NCMWRF) को पूर्वानुमानले आगामी हप्ता/दिनहरुमा कर्णाली जलाधार र तल्लो तटीय क्षेत्र भारी वर्षा (१०० मी मी भन्दा बढी) हुने प्रक्षेपण गरेमा<br>या<br>जल तथा मौसम विज्ञान विभाग बाढी पूर्वानुमान /हावापानी विज्ञान महाशाखाबाट कर्णाली जलाधार र तल्लो तटीय क्षेत्रको वर्षा र बाढीको जोखिमलाई इंकित गर्दै बिशेष हावापानी बुलेटिन जारी भएमा | विपद व्यवस्थापन सम्पर्क व्यक्तिले मौसम विज्ञान विभाग, हावापानी विज्ञान महाशाखाको ऋतुगत हावापानी आँकलन बुलेटिन अनुसार नेपालमा मनसुन शुरु हुने मिति देखि अन्त्यहुने मितिसम्म प्रत्येक दिन नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाको सम्पर्क व्यक्तिसँगको सहयोगमा GloFAS लगायत अन्य बिश्वोब्यापी/क्षेत्रीय हावापानी मोडेल ( ECMWF/GFS/NCMWRF) हरुको पूर्वानुमानको जानकारी राख्ने<br><br>मौसम अनिश्चिततालाई मध्येनजर गर्दै बर्षा शुरु हुने मिति अगाडी र पछाडी पनि अनुगमन जारी राख्ने |

| बाढी पूर्वानुमान अग्रिम समय (१ देखि ३ दिन अगाडी) | |
|---|---|
| ट्रिगर | अनुगमन |
| आगामी ७२ घन्टाको लागि अघिल्ला (GloFAS) को ट्रीगर कायमै रहेमा वा बाढीको स्तर र सम्भावनामा झन् बृद्धि दखिएमा<br>या<br>जल तथा मौसम विज्ञान विभाग, बाढी पूर्वानुमान महाशाखाबाट जारी हुने ३ दिने बाढी पूर्वानुमान बुलेटिनले क ैलाली जिल्लालाई या कर्णाली नदीलाई रातो रंगले इंकित गर्दै बाढीको उच्च जोखिममा रहेको प्रक्षेपण गरेमा या<br>जल तथा मौसम विज्ञान विभाग गर्णीतिय मौसम पूर्वानुमान मोडेल (Numerical Weather Prediction- NWP) तिन दिने वर्षा पूर्वानुमानले आगामी २४ घण्टा देखि ७२ घण्टा बीच कर्णाली जलाधार र तल्लो तटीय क्षेत्रमा अति भारी वर्षा (१५० मी मी भन्दा बढी) हुने प्रक्षेपण गरेमा | विपद व्यवस्थापन सम्पर्क व्यक्तिले मौसम विज्ञान विभाग, हावापानी विज्ञान महाशाखाको ऋतुगत हावापानी आँकलन बुलेटिन अनुसार नेपालमा मनसुन शुरु हुने मिति देखि अन्त्यहुने मितिसम्म प्रत्येक दिन नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाको सम्पर्क व्यक्तिसँगको सहयोगमा जल तथा मौसम विज्ञान विभाग, बाढी पूर्वानुमान महाशाखाबाट जारी हुने ३ दिने बाढी पूर्वानुमान बुलेटिनको जानकारी राख्ने<br><br>विपद सम्पर्क व्यक्तिले सजकता वा खतरा तहको पूर्वानुमान देखिएपछि जल तथा मौसम विज्ञान विभाग, बाढी पूर्वानुमान महाशाखामा सम्पर्क गरि बाढी तथा बर्षा सँग सम्बन्धित विस्तृत सूचना लिने |
| | जल तथा मौसम विज्ञान विभागको वेवसाइटमा बर्षा र बाढी अनुगमन गरिरहने<br>विपद व्यवस्थापन सम्पर्क व्यक्तिले तोकिएको व्यक्रिको सहयोगमा स्थानीय रुपमा बाढी अवलोकन गर्ने |

| बाढी पूर्वानुमान अग्रिम समय (१२ देखि २४ घण्टा अगाडी) | |
|---|---|
| ट्रिगर | अनुगमन |
| जल तथा मौसम विज्ञान विभाग, बाढी पूर्वानुमान महाशाखाबाट जारी हुने ३ दिने बाढी पूर्वानुमान बुलेटिनले आगामी कैलाली जिल्ला र कर्णाली नदीलाई आगामी २४ घण्टाको लागि रातो रंगले इंकित गर्दै बाढीको उच्च जोखिममा रहेको प्रक्षेपण गरेमा<br>र<br>जल तथा मौसम विज्ञान विभागको बाढी पूर्वानुमान (HEC-HMS) n] of ICIMOD MIKE मोडेलले कर्णाली नदिमा बहाव आगामी २४ घण्टाभित्र खतरा तह भन्दा निकै माथि (झन्डै १ मिटर बढी) प्रक्षेपण गरेमा<br>या<br>जल तथा मौसम विज्ञान विभाग गर्णीतिय मौसम पूर्वानुमान मोडेल (Numerical Weather Prediction- NWP)/Flash Flood Guidance System ले आगामी २४ घण्टाको लागि कर्णाली जलाधार र तल्लो तटीय क्षेत्रमा अति भारी वर्षा (२०० मी मी भन्दा बढी) हुने प्रक्षेपण गरेमा<br>या<br>जल तथा मौसम विज्ञान विभागको च्बष्लार्बा ध्बतअज ले कर्णाली जलाधार को तल्लो तटीय र चुरे आसपासका क्षेत्रमा अवस्थित कम्तिमा २ जलमापन केन्द्रमा बिगत २४ घन्टामा १५० मि मि भन्दा बढी वर्षा मापन गरेमा<br><br>(विपद सम्पर्क व्यक्तिले बाढी पूर्वानुमान बुलेटिनमा कैलाली जिल्ला र कर्णाली नदीलाई आगामी २४ घण्टाको लागि रातो रंगले इंकित भएको देखिएपछि जल तथा मौसम विज्ञान विभागको बाढी पूर्वानुमान महाशाखामा सम्पर्क गरि कर्णाली नदी बाढी पूर्वानुमान मोडेल तथा बर्षासँग सम्बन्धित विस्तृत सूचना लिने र जानकारीको यकिन गर्ने) | विपद व्यवस्थापन सम्पर्क व्यक्तिले प्रत्येक दिन नेपाल रेडक्रस सोसाइटीको प्रतिनिधिको सहयोगमा जल तथा मौसम विज्ञान विभाग, बाढी पूर्वानुमान महाशाखाबाट जारी हुने बाढी पूर्वानुमान बुलेटिनको जानकारी राख्ने |
| | जल तथा मौसम विज्ञान विभागको वेवसाइटमा बर्षा र बाढी अनुगमन गरिरहने |

# प्राथिमिकताका कार्यहरु

१. सामान्य कार्य

२. सुचना जारी गर्ने

३. नाला सफा गर्ने

४. बालुवा बोरा भरी तटबन्ध बलियो बनाउने

४. विशेष सहयोग आबश्यक पर्ने अति संकटासन्न घरधुरीका लागि अन्नबालि भित्र्याउन सहयोग गर्ने

५. पानी स्वच्छता

६. नगद हस्तान्तरण

७. व्यक्ति, पशुचौपाया र सम्पति स्थानान्तरण

८. गुनासा सुनुवाई संयन्त्र

# सामान्य कार्य

# सामान्य कार्य

| मनसुन पूर्वतयारी | | |
|---|---|---|
| **कार्य** | **जिम्मेवारी** | **श्रोत** |
| स्थानीय विपद् व्यवस्थापन समितिको बैठक बैशाख पहिलो हप्तामा बसि मनसुन पूर्वतयारी सम्बन्धि कार्य शुरु गर्नको लागि विषयगत समितिलाई जिम्मेवारी तोक्ने | सदस्य सचिव- स्थानीय विपद व्यवस्थापन समिति | टीकापुर नगरपालिका |
| जल तथा मौसम विज्ञान विभाग, हावापानी विज्ञान महाशाखाको ऋतुगत हावापानी आँकलन बुलेटिन जारी भएको दिनमा सबै विषयगत समिति सदस्यहरुलाई एस एम एस मार्फत जानकारी गराउने | विपद् सर्म्पक व्यक्ति | टीकापुर नगरपालिका |
| जल तथा मौसम विज्ञान विभाग, हावापानी विज्ञान महाशाखाको ऋतुगत हावापानी आँकलन बुलेटिन अनुसार मनसुन शुरु हुनु दुई हप्ता अगाडी स्थानीय विपद व्यवस्थापन समितिको बैठक बसी विषयगत समितिको कार्यप्रगती पुनरावलोकन गर्ने र प्रगती सन्तोषजनक नभएमा त्यसपछिका १ हप्ताभित्र सबै कार्य सम्पन्न गर्नकोलागि निर्देशन दिने | प्रमुख- स्थानीय विपद व्यवस्थापन समिति | टीकापुर नगरपालिका |
| जल तथा मौसम विज्ञान विभाग, हावापानी विज्ञान महाशाखाको ऋतुगत हावापानी आँकलन बुलेटिन अनुसार मनसुन शुरु हुने मिति भन्दा अगाडीको हप्तामा सिमुलेसन गर्ने | नेपाल रेडक्रसको सहयोगमा स्थानीय विपद व्यवस्थापन समिति | नेपाल रेडक्रस सोसाइटी |
| पालिकाको मनसुन तयारी योजना (मौसम अनुमानमा आधारित पूर्व कार्य सहितको) स्थानीय विपद व्यवस्थापन समितिको बैठकद्वारा स्वीकृत गर्ने | सदस्य सचिव- स्थानीय विपद व्यवस्थापन समिति | टीकापुर नगरपालिका |

## सामान्य कार्य

| बाढी पूर्वानुमान अग्रिम समय (४ देखि ७  दिन अगाडी) | | |
|---|---|---|
| **कार्य** | **जिम्मेवारी** | **श्रोत** |
| पालिका प्रमुखको पूर्व स्विकृती लिई स्थानिय विपद् व्यवस्थापन समितिको आकस्मिक बैठक बोलाउने | सदस्य सचिव- स्थानीय विपद व्यवस्थापन समिति | टीकापुर नगरपालिका |
| पालिका स्तरीय विषयगत क्षेत्रहरुलाई विपद व्यवस्थापन समितिको निर्णय मार्फत सक्रिय गर्ने | विपद् सम्र्पक व्यक्ति | - |
| जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी गराउने | विपद सम्पर्क व्यक्तिको सहयोगमा स्थानीय विपद द व्यवस्थापन समितिको सदस्य सचिव | - |

# सुचना जारी गर्ने

# सुचना जारी गर्ने

| मनसुन पूर्वतयारी | | |
|---|---|---|
| **कार्य** | **जिम्मेवारी** | **श्रोत** |
| एफ एम बाट बजाउने सुचना, बडघर संयन्त्र र स्थानीय समूह मार्फत दिइने सुचना र एस एम एस मार्फत दिइने सुचनाको (सतर्क रहने, घर तथा नाला सबलीकरण गर्ने, स्थानान्तरणको लागि तयार रहने, स्थानान्तरण शुरु गर्ने जस्ता) तयार गर्ने | विपद् सर्म्पक व्यक्ति | टीकापुर नगरपालिका |
| बडघर संयन्त्र र स्थानीय समूह मार्फत दिइने सुचनामा कसको सहयोग लिने भन्ने सूची तयार गर्ने र सो व्यक्तिहरुसँग सहमति लिने | विपद् सर्म्पक व्यक्ति | टीकापुर नगरपालिका |
| सूचिकृत व्यक्तिहरुलाई बडघर संयन्त्र र स्थानीय समूहमार्फत कसरी प्रभावकारी सुचना संप्रेशन गर्ने भन्ने तालिम दिने | नेपाल रेडक्रस सोसाइटीको सहयोगमा स्थानीय विपद व्यवस्थापन समिति | नेपाल रेडक्रस सोसाइटी |
| एफ एम रेडियो मार्फत सुचना जारी गर्नको लागि सम्झौता गर्ने | विपद सम्पर्क व्यक्ति | - |
| एस एम एस मार्फत सुचना जारी गर्नको लागि सम्बन्धित सेवा प्रदायकसँग सम्झौता गर्ने वा सम्झौता भए नभएको सुनिश्चित गर्ने | विपद सम्पर्क व्यक्ति | - |
| जल तथा मौसम विज्ञान विभाग, हावापानी विज्ञान महाशाखाको ऋतुगत हावापानी आँकलन बुलेटिन अनुसार मनसुन शुरु हुने मिति भन्दा एक हप्ता अगाडी देखि मौसमको समयमा कुल कुलेशा सफा गर्नको लागि एफ एम रेडियो मार्फत सुचना जारी गर्ने | विपद सम्पर्क व्यक्ति | टीकापुर नगरपालिका |
| सुचना संप्रेसन भए नभएको जानकारी राख्नको लागि लग सिट तयार गर्ने | विपद सम्पर्क व्यक्ति | - |

# सुचना जारी गर्ने

| बाढी पूर्वानुमान अग्रिम समय (४ देखि ७ दिन अगाडी) | | |
|---|---|---|
| **कार्य** | **जिम्मेवारी** | **श्रोत** |
| एफ एम रेडियो मार्फत मनसुनमा बाढीको खतरा रहेकाले सतर्क रहने सम्बन्धि साधारण सुचना बजाउन शुरु गर्ने | विपद सम्पर्क व्यक्ति | टीकापुर नगरपालिका |
| एस एम एस मार्फत सुचना जारी गर्नको सामाजिक सुरक्षा शाखाबाट सामाजिक सुरक्षा लाभग्राहीको फोन नं. संकलन गर्ने | विपद सम्पर्क व्यक्ति | - |
| एस एम एस मार्फत सुचना जारी गर्नको लागि सम्बन्धित सेवा प्रदायकसँग सम्झौता गर्ने वा सम्झौता भए नभएको सुनिश्चित गर्ने | विपद सम्पर्क व्यक्ति | - |

# नाला सफा गर्नें

# नाला सफा गर्ने

| मनसुन पूर्वतयारी | | |
|---|---|---|
| **कार्य** | **जिम्मेवारी** | **श्रोत** |
| जिआइएस प्रविधिको प्रयोग गरि बाढी सम्भावित क्षेत्रभित्र रहेका नालाहरु पहिचान एवं नक्शाङ्कन गर्ने | नेपाल रेडक्रस सोसाइटीको सहयोगमा स्थानीय विपद व्यवस्थापन समिति | नेपाल रेडक्रस सोसाइटी |
| बाढी सम्भावित क्षेत्रभित्र रहेका नालाहरुमा कुनै अवरोध भए नभएको अनुगमन गर्ने व्यक्तिहरु सम्भावित जोखिमयुक्त नालाहरुसँग जोडिएका घरपरिवारका सदस्य समेत संलग्न गरि पहिचान गर्ने र  सूचि तयार गर्ने | विपद सम्पर्क व्यक्ति | |
| बाढी सम्भावित क्षेत्रभित्र रहेका नालाहरु प्रत्यक बर्ष सफा गर्ने कार्यलाई प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत योजनामा समावेश गर्नको लागि सिफारिस गर्ने | स्थानीय विपद व्यवस्थापन समिति | |
| प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत दर्ता भएका व्यक्तिहरुमध्ये सफा गर्नुपर्ने नाला क्षेत्रभित्रका व्यक्तिहरु पहिचान गरि सूचि तयार गर्ने | विपद सम्पर्क व्यक्ति | |
| नाला वरपर रहेका स्थानीय व्यक्तिहरुलाई नाला सफा गर्ने कार्यबारे विस्तृत जानकारी दिने र स्वंमसेवाको लागि अनुरोध गर्ने | विपद सम्पर्क व्यक्ति | - |
| जल तथा मौसम विज्ञान विभाग, हावापानी विज्ञान महाशाखाको ऋतुगत हावापानी आँकलन बुलेटिन अनुसार मनसुन शुरु हुने मिति भन्दा एक हप्ता अगाडी देखि मौसमको समयमा कुल कुलेशा सफा गर्नको लागि एफ एम रेडियो मार्फत  सुचना जारी गर्ने | विपद सम्पर्क व्यक्ति | टीकापुर नगरपालिका |
| प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत दर्ता भएका व्यक्तिहरुमध्ये सफा गर्नुपर्ने नाला क्षेत्रभित्रका पहिचान गरिएका व्यक्तिहरुलाई नाला सफा गर्नको लागि परिचालन गर्ने | स्थानीय विपद व्यवस्थापन समिति | प्रधानमन्त्री रोजगार कार्यक्रम |

# नाला सफा गर्ने

## बाढी पूर्वानुमान अग्रिम समय (४ देखि ७ दिन अगाडी)

| कार्य | जिम्मेवारी | श्रोत |
|---|---|---|
| जल तथा मौसम विज्ञान विभाग, हावापानी विज्ञान महाशाखाको ऋतुगत हावापानी आँकलन बुलेटिन अनुसार मनसुन शुरु हुने मिति भन्दा एक हप्ता अगाडी देखि मौसमको समयमा कुल कुलेशा सफा गर्नको लागि एफ एम रेडियो मार्फत सुचना जारी गर्ने | विपद सम्पर्क व्यक्ति | टीकापुर नगरपालिका |
| बाढी सम्भावित क्षेत्रभित्र रहेका नालाहरुमा कुनै अवरोध भए नभएको सम्बन्धित नला छेउका व्यक्तिसँग समन्वय गरि अनुगमन गर्ने | अनुगमन समितिका सदस्यहरु संग विपद सम्पर्क व्यक्ति गर्ने | नेपाल रेडक्रस सोसाइटी |
| प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत दर्ता भएका व्यक्तिहरुमध्ये सफा गर्नुपर्ने नाला क्षेत्रभित्रका पहिचान गरिएका व्यक्तिहरुलाई नाला सफा गर्नको लागि परिचालन गर्ने | | टीकापुर नगरपालिका स्थानीय विपद व्यवस्थापन कोष |

# बालुवा बोरा भरी तटबन्ध बलियो बनाउने

# बालुवा बोरा भरी तटबन्ध बलियो बनाउने

## मनसुन पूर्वतयारी

| कार्य | जिम्मेवारी | श्रोत |
|---|---|---|
| जिआइएस प्रविधिको प्रयोग गरि बाढी सम्भावित क्षेत्रभित्र रहेका नालाहरुमा कहाँ तटबन्ध बलियो बनाउनु पर्नेछ पहिचान एवं नक्शाङ्कन गर्ने | नेपाल रेडक्रस सोसाइटीको सहयोगमा स्थानीय विपद व्यवस्थापन समिति | नेपाल रेडक्रस सोसाइटी |
| आवश्यक बालुबा भर्ने बोरा खरिद गर्ने र स्टक राख्ने | नेपाल रेडक्रस सोसाइटी | नेपाल रेडक्रस सोसाइटी |
| बालुवा बोरा भरी तटबन्ध बलियो बनाउनुपर्ने स्थान छेउको घरधनिको नामावली तयार गर्ने | नेपाल रेडक्रस सोसाइटीको सहयोगमा स्थानीय विपद व्यवस्थापन समिति | नेपाल रेडक्रस सोसाइटी |
| प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत दर्ता भएका व्यक्तिहरुमध्ये बालुवा बोरा भर्नुपर्ने क्षेत्रभित्रका व्यक्तिहरु पहिचान गरि सूचि तयार गर्ने | विपद सम्पर्क व्यक्ति | - |
| प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत दर्ता भएका व्यक्तिहरुमध्ये बोरा भर्नुपर्नेक्षेत्रभित्रका पहिचान गरिएका व्यक्तिहरुलाई बोरा भर्नको लागि परिचालन गर्ने | स्थानीय विपद व्यवस्थापन समिति | प्रधानमन्त्री रोजगार कार्यक्रम वा स्थानीय विपद व्यवस्थापन कोष |

# बालुवा बोरा भरी तटबन्ध बलियो बनाउने

**बाढी पूर्वानुमान अग्रिम समय (४ देखि ७ दिन अगाडी)**

| कार्य | जिम्मेवारी | श्रोत |
|---|---|---|
| बाढी सम्भावित क्षेत्रभित्र रहेका नालाहरुमा निरन्तर बर्षको कारणले गर्दा थप क्षति भए नभएको बालुवा बोरा भरी तटबन्ध बलियो बनाउनुपर्ने स्थान छेउको घरधनिसँगको समन्वयमा अनुगमन गर्ने | अनुगमन समितिका सदस्यहरुलाई विपद सम्पर्क व्यक्तिले परिचालन गर्ने | नेपाल रेडक्रस सोसाइटी |

# विशेष सहयोग आबश्यक पर्ने अति संकटासन्न घरधुरीका लागि अन्नबालि भित्र्‍याउन सहयोग गर्ने

# विशेष सहयोग आवश्यक पर्ने अति संकटासन्न घरधुरीका लागि अन्नबालि भित्र्याउन सहयोग गर्ने

**मनसुन पूर्वतयारी**

| कार्य | जिम्मेवारी | श्रोत |
|---|---|---|
| होचो स्थानमा रहेको खेती योग्य जमिन पहिचान गरी ती मध्ये पूर्ण अपाङ्गता व्यक्ति र विधवा महिला भएको घरपरिवारको कुन कुन पर्दछन परिचान गरि सूचि तयार गर्ने र जिआइएस प्रविधि मार्फत नक्सा तयार गर्ने | विपद सम्पर्क व्यक्ति | - |
| प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत दर्ता भएका व्यक्तिहरुमध्ये अन्नबालि भित्र्याउनको लागि प्रयोग गर्ने व्यक्तिहरु पहिचान गरि सूचि तयार गर्ने | विपद सम्पर्क व्यक्ति | - |

**बाढी पूर्वानुमान अग्रिम समय (४ देखि ७ दिन अगाडी)**

| कार्य | जिम्मेवारी | श्रोत |
|---|---|---|
| होचो स्थानमा रहेको खेती योग्य जमिन मध्ये पूर्ण अपाङ्गता व्यक्ति र विधवा महिला भएको घरपरिवारलाई सम्भावित बाढीको जोखिमको बारेमा एस एम एस मार्फत सूचित गर्ने | विपद सम्पर्क व्यक्ति | टीकापुर नगरपालिका |
| होचो स्थानमा रहेको खेती योग्य जमिनको अन्न भित्र्याउन योग्य भए नभएको अनुगमन गर्नको लागि सम्बन्धित घरपरिवारलाई सूचित गर्ने | विपद सम्पर्क व्यक्ति | टीकापुर नगरपालिका |
| सम्बन्धित घरपरिवारले सहमति दिए पश्चात प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत दर्ता भएका व्यक्तिहरुमध्ये अन्नबालि भित्र्याउनको लागि प्रयोग गर्ने व्यक्तिहरु पहिचान गरि तयार गरिएको सूचि बमोजिम सो व्यक्तिहरुलाई सम्भावित बाढी र गर्नुपर्ने कार्यको बारेमा एस एम एस मार्फत सूचित गर्ने | विपद सम्पर्क व्यक्ति | टीकापुर नगरपालिका |

# पानी स्वच्छता

# पानी स्वच्छता

मनसुन पूर्वतयारी

| कार्य | जिम्मेवारी | श्रोत |
|---|---|---|
| बाढी अति जोखिम क्षेत्रभित्र रहेका र बाढी पश्चात पानी निर्मलीकरण गर्नुपर्ने घरपरिवार पहिचान गरि सूचिकृत गर्ने | नेपाल रेडक्रस सोसाइटीको सहयोगमा स्थानीय विपद व्यवस्थापन समिति | नेपाल रेडक्रस सोसाइटी |
| पानी निर्मलीकरण गर्ने साधन वा औषधि खरिद गर्ने | नेपाल रेडक्रस सोसाइटी | नेपाल रेडक्रस सोसाइटी |
| न्यूनतम पानी स्टोर गर्नको लागि जेरीक्यान खरिद गर्ने | नेपाल रेडक्रस सोसाइटी | नेपाल रेडक्रस सोसाइटी |

# नगद हस्तान्तरण

# नगद हस्तान्तरण

**मनसुन पूर्वतयारी**

| कार्य | जिम्मेवारी | श्रोत |
| --- | --- | --- |
| बाढी जोखिम क्षेत्रभित्रका विपद पूर्व नगद हस्तान्तरण गर्नुपर्ने व्यक्ति वा घरधुरी सम्बन्धमा निर्णय गर्ने | स्थानीय विपद व्यवस्थापन समिति | |
| नगद हस्तान्तरण विस्तृत कार्ययोजना र मानक संचालन प्रकृया तयार गर्ने | नेपाल रेडक्रस सोसाइटीको सहयोगमा स्थानीय विपद व्यवस्थापन समिति | नेपाल रेडक्रस सोसाइटी |
| नगद हस्तान्तरण विस्तृत कार्ययोजना र मानक संचालन प्रकृया स्वीकृत गर्ने | स्थानीय विपद व्यवस्थापन समिति | टीकापुर नगरपालिका |
| नगद हस्तान्तरण गरिने व्यक्तिको नामावली, ठेगाना, र सामाजिक सुरक्षा भत्ता प्प्त गर्ने बैंक खाता वा डेविड एटीएम कार्ड खाता तयारी अवस्थामा राख्ने | स्थानीय विपद व्यवस्थापन समितिको सहयोगमा नेपाल रेडक्रस सोसाइटी | |

**बाढी पूर्वानुमान अग्रिम समय (४ देखि ७ दिन अगाडी)**

| कार्य | जिम्मेवारी | श्रोत |
| --- | --- | --- |
| नगद हस्तान्तरणको लागि प्रकृया शुरु गर्ने | नेपाल रेडक्रस सोसाइटी | |

# व्यक्ति, पशुचौपाया र सम्पति स्थानान्तरण

## व्यक्ति, पशुचौपाया र सम्पति स्थानान्तरण

### मनसुन पूर्वतयारी

| कार्य | जिम्मेवारी | श्रोत |
|---|---|---|
| बाढी पुनरागमन अवधि बमोजिमको सङ्कटासन्न घरपरिवारको लागत तयार गर्ने | नेपाल रेडक्रस सोसाइटीको सहयोगमा स्थानीय विपद व्यवस्थापन समिति | नेपाल रेडक्रस सोसाइटी |
| बाढी पुनरागमन अवधि बमोजिमको सङ्कटासन्न घरपरिवार मध्ये अति जोखिममा रहेका समूहहरु सामाजिक सुरक्षा भत्ताको नामावली प्रयोग गरि पहिचान गर्ने र व्यक्ति, पशुपंक्षी, र सम्पति स्थानान्तरणको लागि बाह् सहयोग आवश्यक पर्नेघर परिवार र सहयोगको प्रकारको योजना बनाउने | नेपाल रेडक्रस सोसाइटीको सहयोगमा स्थानीय विपद व्यवस्थापन समिति | नेपाल रेडक्रस सोसाइटी |
| बाढी पुनरागमन अवधि बमोजिम सुरक्षित स्थान परिचान गर्ने | नेपाल रेडक्रस सोसाइटीको सहयोगमा स्थानीय विपद व्यवस्थापन समिति | नेपाल रेडक्रस सोसाइटी |
| स्थानान्तरण गर्ने सुरक्षित बाटाहरुको (बैकल्पित समेत) नक्साङ्कन गर्ने | नेपाल रेडक्रस सोसाइटीको सहयोगमा स्थानीय विपद व्यवस्थापन समिति | नेपाल रेडक्रस सोसाइटी |
| सामाजिक सुरक्षा भत्ताको नामावली प्रयोग गरि स्थानान्तरणको अवधिमा विशेष आवश्यकता (आवास, शौचालय, खानेपानी, लत्ताकपढा, खानेकुरा) पर्ने व्यक्तिहरुलाई आवश्यकता बमोजिमको व्यवस्था गर्ने योजना बनाउने | नेपाल रेडक्रस सोसाइटीको सहयोगमा स्थानीय विपद व्यवस्थापन समिति | नेपाल रेडक्रस सोसाइटी |
| स्थानान्तरण योजनाको बारेमा समुदायसँग सहमत गर्ने | नेपाल रेडक्रस सोसाइटीको सहयोगमा स्थानीय विपद व्यवस्थापन समिति | नेपाल रेडक्रस सोसाइटी |
| स्थानान्तरणको लागि आवश्यक पर्ने खाद्य तथा गैर खाद्य सामाग्री खरिद तथा ढुवानीको लागि सम्भौता गर्ने | नेपाल रेडक्रस सोसाइटी | नेपाल रेडक्रस सोसाइटी |
| स्थानान्तरणको समयमा कागजपत्र सुरक्षित गर्नको लागि आवश्यक प्लाष्टिक व्याग उपलब्ध गराउनको लागि खरिद गर्ने | नेपाल रेडक्रस सोसाइटी | नेपाल रेडक्रस सोसाइटी |
| अस्थाई आवास निर्माणका लागि तालिम प्राप्त जनशक्तिको सूचिकृत गर्ने | नेपाल रेडक्रस सोसाइटीको सहयोगमा स्थानीय विपद व्यवस्थापन समिति | नेपाल रेडक्रस सोसाइटी |
| स्थानान्तरण स्थानमा सहयोग कक्ष स्थापना सम्बन्धि योजना बनाउने | नेपाल रेडक्रस सोसाइटीको सहयोगमा स्थानीय विपद व्यवस्थापन समिति | नेपाल रेडक्रस सोसाइटी |

# व्यक्ति, पशुचौपाया र सम्पति स्थानान्तरण

**बाढी पूर्वानुमान अग्रिम समय (४ देखि ७ दिन अगाडी)**

| कार्य | जिम्मेवारी | श्रोत |
|---|---|---|
| स्थानान्तरणको लागि आवश्यक पर्ने सुरक्षित स्थान अनुगमन गर्ने र सुरक्षित बनाउनको लागि आवश्यक कार्य गर्ने | नेपाल रेडक्रस सोसाइटीको सहयोगमा स्थानीय विपद व्यवस्थापन समिति | नेपाल रेडक्रस सोसाइटी |
| स्थानान्तरणको लागि आवश्यक पर्नेसामाग्रीहरुको आपूर्ति हुनेमा सुनिश्चित हुने | नेपाल रेडक्रस सोसाइटी | नेपाल रेडक्रस सोसाइटी |
| अस्थाई आवास निर्माणका लागि आबस्यक पर्ने त्रिपाल र अस्थाई शौचालय सामाग्री, सोलार बत्ती वा जेनेरेटर | | |
| नेरेसोको प्रादेशिक गोदाम वा जिल्ला गोदाममा पुर्व भण्डारण गर्ने नेपाल रेडक्रस सोसाइटी नेपाल रेडक्रस सोसाइटी | | |

# गुनासो सुनुवाई संयन्त्र

# गुनासो सुनुवाई संयन्त्र

**मनसुन पूर्वतयारी**

| कार्य | जिम्मेवारी | श्रोत |
|---|---|---|
| पालिकामा रहेको गुनासो सुनुवाई संयन्त्रमा विपदको समयलाई मध्यनजर गरि विस्तार गर्ने र विपदको समयमा प्रयोग हुने गुनासा सुनुवाई संयन्त्र स्थापना गर्ने । | गुनासो सुनुवाई अधिकारी | टीकापुर नगरपालिका |

**बाढी पूर्वानुमान अग्रिम समय (१ देखि ३) दिन अगाडी)**

| कार्य | जिम्मेवारी | श्रोत |
|---|---|---|
| गुनासो सुनुवाई संयन्त्रको बारेमा समुदायलाई एफ एम रेडियो मार्फत जानकारी गराउने | विपद सम्पर्क व्यक्ति | टीकापुर नगरपालिका |
| गुनासो सुनुवाई संयन्त्र सक्रिय गराउने | विपद सम्पर्क व्यक्ति | टीकापुर नगरपालिका |